**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन सदस्य पदको लागि**

**आवेदन माग गरिएको सूचना**

**(प्रकाशित मिति २०८०/०२/१९)**

नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. दरखास्त पेश गर्ने अन्तिम दिनसम्म उमेर ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको।

२. मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, जनप्रशासन विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ७ (सात) वर्षको अनुभव प्राप्त गरेको। तर, सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा पब्लिक लिमिटेड कम्पनीको कर्मचारीको हकमा व्यवस्थापन, अर्थशास्त्र, जनप्रशासन विषयमा स्नातक गरी राजपत्राङ्कित प्रथम श्रेणी, दशौं तह वा सो भन्दा माथिल्लो पदमा कम्तिमा ७ (सात) वर्ष काम गरेको अनुभव प्राप्त गरेको।

३. प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

४. उपरोक्त योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजातहरू संलग्न गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष दरखास्त पेश गर्नुपर्ने:

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) योग्यता समेत खुल्ने व्यक्तिगत विवरण (Bio data),

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (सेवा अवधि खुल्ने गरी),

(च) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size कागजमा तयार गरिएको कम्तिमा तीन हजार देखि बढीमा पाँच हजार शब्दसम्मको व्यावसायिक कार्ययोजनाको शिलबन्दी **(कम्प्युटर टाइप गरिएको, पहिलो पाना (Cover Page) को सबैभन्दा माथि आफ्नो नाम लेखिएको र अन्य कहीं पनि नाम वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको)**,

(छ) हालसालै खिचेको दुई प्रति फोटो,

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको स्वःघोषणा,

(झ) पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि।

५. शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणपत्रको हकमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने।

६. **दरखास्त पेश गर्ने अन्तिम म्यादः** यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिन। सो दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र।

७. **दरखास्त बुझाउने स्थान:** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरवार।

८. उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना, सोको प्रस्तुति र अन्तरवार्ताको मूल्याङ्कनका आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ ।

९. रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन।

१०. दरखास्त साथ उम्मेदवारले आफ्नो योग्यतासम्बन्धी स्वःघोषणा पेश गर्नुपर्नेछ। स्वःघोषणाको ढाँचा मन्त्रालयको वेबसाइट www.mocit.gov.np र नेपाल दूरसञ्चार प्रधिकरणको वेबसाइट www.nta.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**पुनश्चः** यस विषयमा थप जानकारीको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखामा सम्पर्क गर्न सकिनेछ।

श्री संयोजकज्यू,
नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन सदस्य पदमा नियुक्तिको लागि गठित छनौट समिति,
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।

**विषय : स्वःघोषणा सम्बन्धमा**

प्रस्तुत विषयमा नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन सदस्य पदका लागि आवेदनका साथमा देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

| | हो | होइन |
|---|---|---|
| (क) नेपाली नागरिक | ☐ | ☐ |
| (ख) उमेर ३० वर्ष पूरा भएको | ☐ | ☐ |
| (ग) उमेर पैंसठ्ठी वर्ष ननाघेको | ☐ | ☐ |
| (घ) कुनै राजनीतिक दलको सदस्य नरहेको | ☐ | ☐ |
| (ङ) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको | ☐ | ☐ |
| (च) सम्बन्धित क्षेत्रमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ७ वर्षको अनुभव प्राप्त गरेको | ☐ | ☐ |
| (छ) सम्बन्धित क्षेत्रमा सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको कर्मचारीको हकमा राजपत्राङ्कित प्रथम श्रेणी, दशौं तह वा सो भन्दा माथिल्लो पदमा ७ (सात) वर्षको अवधि काम गरी अनुभव प्राप्त भएको | ☐ | ☐ |
| (ज) बैङ्क तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (झ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव बेचविखन, लागु औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको | ☐ | ☐ |
| (ञ) प्रचलित कानूनबमोजिम नियुक्त हुन अयोग्य नठहरिएको | ☐ | ☐ |
| (ट) दूरसञ्चारसँग सम्बन्धित कुनै पनि व्यवसायमा संलग्न नरहेको | ☐ | ☐ |
| (ठ) मानसिक सन्तुलन ठीक भएको | ☐ | ☐ |
| (ड) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र (DV/PR) नलिएको, लिएको भए त्यागेको कम्तीमा ३ (तीन) महिनाको अवधि व्यतीत भएको । | ☐ | ☐ |

माथिको व्यहोरा ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु । गलत ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला ।

आवेदक
हस्ताक्षरः .................
नाम :-
ठेगानाः- ..........नगर/गाउँ/पालिका वडा नं......
मितिः